नीलम कार्की निहारिका । २०७४ । *योगमाया* । काठमाडौँ : सांग्रिला पुस्तक प्रा.लि. ।

नेपाली औपन्यासिक भण्डारमा उपन्यासकार नीलम कार्की निहारिकाको नयाँ कृति *योगमाया* थपिएको छ । वि.सं. १९९८ देखि करिब आधा शताब्दी अघिको समयावधिमा पूर्वी नेपालको मध्य-अरुण उपत्यकामा बसोबास गर्ने क्षत्री-बाहुन समाजमा नारी-पुरुषमाझ व्याप्त घोर सामाजिक असमानता, अन्याय, र जातपातमा आधारित छुवाछूत विरुद्ध नारी नेतृत्वमा संगठित रूपमा उठेका सामाजिक ज्वारभाटा, खैलाबैला, र विद्रोहको ऐतिहासिक तथ्यलाई यो उपन्यासले आख्यानात्मक कथ्यमा बुनेको छ ।

त्यस ताका कन्यादानका नाममा नाबालक छोरीलाई "मारे पाप पाले पुण्य" भन्दै वार्द्धकको गोडा-जल खाएर उनैको जिम्मा लाउने सामाजिक चलन र मूल्य-मान्यता थियो । महिलाले बुहार्तन बेहोर्न नसकेर जन्म घर फर्कनु, पुनर्विवाह गर्नु, र विधवा विवाह गर्नु सामाजिक अपराध हुन्थ्यो । पुरुषले दुई, तीन, चार, जति जना विवाह गर्दा पनि इज्जत-प्रतिष्ठा हुन्थ्यो, तर नारीका लागि एकभन्दा बढी पटक विवाह वर्जित थियो । उसमाथि लोग्नेको मृत्युसँगै नारीले सती जानुपर्ने चलन । महिला जीवनमाथि थोपरिएको शोषण र अन्याय विरुद्ध तथा हिन्दू पितृसत्तात्मक समाजले निर्माण गरेको त्यस रूढिग्रस्त चलनका विरुद्ध लड्न र लैंगिक तथा सामाजिक समानतामा आधारित समाज निर्माणका लागि विद्रोह गर्न र आफ्नो जीवन बलिवेदीमा होम्न आजभन्दा करिब सय वर्ष अघिको समय र समाजमा कुनै नारी तयार थिए होलान् ? तर, विशिष्ट ऐतिहासिक परिस्थिति र सामाजिक-सांस्कृतिक शोषणका कहरमय परिस्थितिबाट उदाउँछन् महान् व्यक्तिहरू, र अन्याय-अत्याचारका विरुद्ध मुक्तिवाणी बुलन्द गर्छन्, विद्रोहको शंखघोष गर्छन् । उपरि तहमा *योगमाया*को

कथा यही हो । पुरातनपन्थी क्षेत्री-बाहुन समाजमा व्याप्त "ढोँगी ब्राह्मण-पुरेतहरूबाट नारी जीवनमाथि लादिएको" सामाजिक बन्धनका दाम्लो चुँडाल्न एउटा नारी स्वयंले भोगेको र रचेको सत्य कथा हो *योगमाया* । *योगमाया* तत्कालीन सामाजिक ब्राह्मणवादका विरुद्ध एउटी ब्राह्मणी नारीको नेतृत्वमा भएको आन्दोलन र सामूहिक जीवनोत्सर्गको सामाजिक-ऐतिहासिक दस्तावेज समेत हो ।

मध्य-अरुणको पश्चिमी पानीढलोमा अवस्थित सिम्ले गाउँका श्रीलाल पाध्य नेउपानेले आफ्नो बालख छोरी मायादेवीको विवाह तीन दिन टाढाको बाटो धोद्लेका काशीनाथ कोइरालाका छोरासँग गरिदिए । बालखैमा बुहार्तनको खपिनसक्नु कहर, सासूको टोकसो, अनि जन्म-गाउँ र आमा बाको न्यास्रोबीच मायादेवीले घर बुहार्तन सिकिन् । छोरी अन्माएर दिएको वर्षौँ बित्यो, न माइतबाट आमा बाले नै छोरीबारे बुझ्न कोही पठाए, न घरले नै दुलही मायादेवीलाई आमा बा भेट्न माइत पठाए । माइत के हो ? घर के हो ? विवाह, बुहार्तन के हो ? केही नबुझिकन विवाहित हुन पुगेकी अबोध मायादेवीले सबै बेहोरिन् । आमा बा भेट्न जान्छु भन्ने मायादेवीको अनुनय-विनयको सुनुवाइ परिवारमा कहिल्यै भएन ।

"माइतीको न्यास्रो र घरको कहर" दुवै असह्य भो । मायादेवीले एक दिन आफ्नो जीवनको पहिलो कठोर निर्णय लिइन्, र मध्य रातमा घर छोडेर माइतीघरको बाटो लागिन् । जंगलमा बास बस्दै, घरी जंगल, घरी मूलबाटो हिँड्दै तीन दिनमा जन्म-गाउँ सिम्ले पुगिन् । तर, आफू पछिपछि, खबर अघिअघि पुगेको रहेछ । आमा बाकहाँ पुग्नु के थियो, बाको टोकसो शुरू भयो : "कहाँ मरेकी थिइस्, यतिका दिन ? हाम्रो नाक काटिस्, होइन ?" (पृ. ८८) । मायादेवीलाई जन्म-घर पस्न अनुमति आफ्नै बाबाट मिलेन । बिहे दान भएकी छोरी भागेर आएपछि घरभित्र राख्न नमिल्ने भयो । तै मचानमा बास पाइन् । उता, तीन दिन हराएर माइत पुगेकी दुलहीलाई फेरि भित्र्याउन नसकिने निर्णय कोइराला सम्धीले सुनाए । केही समयपछि मायादेवीका पतिको दोस्रो विवाह दलगाउँकी दाहाल कन्यासँग गरिदिएछन् । यसरी मायादेवीको आफ्नो दुलहा-घर जाने बाटो सधैँलाई थुनियो । बा र गाउँघरका जोरीपारीको आँखाको कसिंगर भइन् मायादेवी । पाखुरी बजारेर माइतीमै बसिखान नसक्ने गरी कुरा काट्न थालियो, बाको दिनदिनको गाली उत्तिकै सहन नसकिने भयो ।

"एकबारको एक्लो जुनी पाखुरी बजारेर जहाँ पनि जिउन कसो नसकुँला ! बाले नै पराई झैँ हेर्न थालेसी माइतीको आँखाको तारो कति बन्ने? आमालाई समेत सधैँको पीर, बाको कचकच" (पृ. ९९) । मायादेवीले जीवनको दोस्रो कठोर निर्णय लिइन्—मुग्लान, आसामतिर पेटपालो गरिखाने आँट गरेर आसामे कँडेलको साथ लागेर मायादेवीले सिम्ले माइती-गाउँ पनि छोडिन् । त्यो बेला उनको उमेर भर्खर १७ टेकेको थियो । आसाम तिरबाट आउनेले सिम्लेमा छोरी उतै पुगेको खबर ल्याए । आमाको मन न हो, बालाई भन्नुभयो

रे, "छोरी लिन जाऔँ आसाम" । बाले भन्नु भयो रे, "हाम्रो लागि मरिसकी ऊ, एउटा फुल फुट्यो फुट्यो" (पृ. १००) । दुःख-जिलो गरिखाँदै गर्दा एक दिन आसाममै आफ्नो एक मात्र सहारा, जीवनसाथी कँडेल बिते । मायादेवीको घर-संसार फेरि भताभुंग भयो ।

अब मायादेवीले तेस्रो विवाहको प्रस्ताव स्वीकारिन् र सुन्दर घर बसाइन् आसाममै । छोरी नैनकला पाइन् करिब दुई कोरीको उमेरमा, तेस्रो श्रीमान्बाट । जीवन सुखी थियो । साधु-सन्त, योगीहरूसँग संगत बढ्दै गयो । प्रवचन र शास्त्रीय छलफलहरूमा नियमित जसो सहभागी हुँदै जाँदा मायादेवीमा पारिवारिक-सांसारिक जीवन प्रतिको मोह घट्दै गयो र क्रमशः आध्यात्मिक चिन्तन, योग साधना, र मोक्ष प्राप्तिको बाटो पहिल्याउनेतिर अघि बढिन् । यसै क्रममा छोरी नैनकलासँग मायादेवी सिम्ले फर्किइन्, सँधैका लागि आसाम छोडेर । यो तेस्रो महान् निर्णय थियो मायादेवीको जीवनको । माइतीघर सिम्ले फर्किंदा आमा बा दुवै परलोक भइसकेका थिए । मायादेवीले एकदिन भाइ-बुहारीसँग बह पोखिन् : "मैले आमा बुढी हुँदैगएको देख्न पाइनँ, आमाले मलाई तरुनो उमेरको देख्न पाउनुभएन । म आफै बुढी भैसकेँ, अहिले सपनामा पनि उस्तै, आफूभन्दा भर्खरकी देख्छु । म आमा उहाँ छोरी जस्तो लाग्छ" (पृ. ७१) ।

सिम्ले फर्केपछि मायादेवीले समाजमा व्याप्त कुरीति, भ्रष्टाचार, नारीले भोग्नु परेका अन्याय, शोषण, र ढोँगी ब्राह्मण, पुरेत, पण्डितहरूको विरुद्ध जागरण अभियान थालिन् । योग साधना र तपस्या गर्दै, भारतका अनेकानेक तीर्थाटन घुम्दै, प्रवचनहरूमा भाग लिँदै, मायादेवीले साधना र तपस्याबाट आफूलाई योगिनीमा रूपान्तरित गरिन् । योगवाणीहरू सुनाउन थालिन् समाज सुधार र नारी अधिकारका बारे, जातपात र छुवाछूतका विरुद्ध । अब उनका भक्तजनले उनलाई "योगमाया," "ठूली हजुर" भनेर सम्बोधन गर्न थाले । सिम्ले तलको मझुवा बेँसी प्रवचन, भजन, र तप गर्ने केन्द्र बन्यो । भजन र प्रवचनका विषयवस्तु सामाजिक न्याय र लैंगिक समानतामा केन्द्रित हुन्थे सधैँ । यसरी सयौँ भक्तजन सहित संयुक्त र संगठित रूपमा योगमायाले समाजको कुरीति, नारीमाथि हुने शोषणको अन्त्यका लागि आवाज बुलन्द गरिरहिन् विक्रमाब्द १९८० र १९९० को दशकमा, अरुण उपत्यकाको त्यस भेकमा । लैंगिक समानताका निमित्त धर्म कानून बन्न पर्छ भन्ने माग बारबार राणा शासकहरू समक्ष पठाइन् । अबको निर्णय भनेको मायादेवीको जीवनमा चौथो र सबैभन्दा कठोर एवं महान् निर्णय थियो । उनीहरूका मागको सुनुवाइ नभएपछि वि.सं. १९९५ मा अग्निकुण्डमा आत्मदाह गरेर विद्रोह गर्ने निर्णय भयो । आत्मदाह गर्न चाहनेको नामावली करिब २४० पुग्यो । शासकहरूमा यसको सुइँको पुग्यो । सबै गिरफ्तारीमा परे । मर्दाना जति धनकुटा जेल चलान भए, जनाना जति भोजपुर । पछि छुटे । तर, सत्ताले आफ्नो माग अनसुनी गरेको आक्रोश र न्यायका पक्षमा जीवन अर्पण गर्ने कसम कायमै रह्यो । पछि १९९८ असारको ठूली एकादशीका दिन योगमायाको नेतृत्वमा ६८ जनाले अरुण

नदीमा जलसमाधि लिएर प्राण त्याग गरे । यसरी त्यो महान् नारी विद्रोहको पटाक्षेप त्रासदीय ढंगमा भयो, र त्यसैबाट पूर्वी नेपालको अरुण उपत्यकाका गाउँघरमा एउटा अनुपम इतिहासको निर्माण भयो ।

माथिको वृत्तान्त कथा हैन, वस्तुतः घटित घटनाक्रमको सार हो । एउटी महिलाले शुरूमा व्यक्तिगत रूपमा आफ्नो सम्मानित जिजीविषा कायम राख्ने क्रममा समाजको दृष्टिमा दोषी देखिने निर्णयहरू क्रमशः गर्दै गइन् । यो नै समाज संरचनाका विरुद्ध सचेत व्यक्तिको विद्रोह हो । योगमायाले महिला मुक्तिका लागि सामूहिक विद्रोहलाई संगठित रूपमा अघि बढाएको देखिन्छ । योगमायाको सरसंगतमा आउने कतिपय क्षत्री-बाहुन पुरुषहरूको जात समेत काढिएको थियो । यस्ता कुनै पनि अवरोधले योगमायाको समाज सुधारात्मक आन्दोलन र विद्रोह रोकिएन । अन्ततः सामाजिक समानता र नारी मुक्तिका खातिर झन्डै साढे तीन कोरी नारी-पुरुषले अरुणको असारे भेलमा आफूलाई फालेर प्राण उत्सर्ग गरे ।

व्यक्ति (महिला) स्वतन्त्रताको अदम्य चाहना र चेतना तथा कठोर सामाजिक संरचनात्मक बन्धन बीचको भयंकर द्वन्द्वात्मकता *योगमाया* उपन्यासमा छ । बाहुन पुरेतहरूले महिलामाथि लादेको कठोर सामाजिक बन्धनका विरुद्ध योगमायाको हुंकार बुलन्द छन् : "लोग्ने मानिसहरूले दुई तीन ओटी बिहे गर्न हुन्छ भने, महिलाले पनि दुई/तीन ओटा बिहे गर्न हुन्छ ।" "विधवाले विवाह गर्न किन नहुने ?" "लोग्ने मरे भन्दैमा महिला किन जिउँदै जल्नु पर्ने ?" यसरी योगमायाको नेतृत्वमा तत्कालीन राणा सरकार समक्ष सामाजिक समानताका लागि निम्नानुसारका मागहरू राखिएका थिए : १) अधिकारी (कर्मचारी) ले घुस खान नपाइने होस्; २) छुवाछुत हटोस्; ३) कसैको पनि जात काढ्न-मुड्न नपाउने होस्; ४) गरीबलाई भूदान दिइयोस्; ५) चक्रवृद्धि ब्याज लिन नपाउने होस्; ६) बालविवाह प्रथा बन्द होस्; ७) विधवाले विवाह गर्न चाहे स्वीकृति होस्; ८) जोइको इच्छा नभई पोइले सौता हाल्ने चलन बन्द होस् (पृ. ३८५) ।

विद्रोह र आन्दोलनको यो अनुपम स्वरूपको पटाक्षेप भएपछि पनि उपन्यासको रूपमा त्यसको आख्यानीकरण गर्न झन्डै ७७ वर्ष लाग्यो । ढिलो आयो, दुरुस्त आयो । यसका लागि उपन्यासकार नीलम कार्की निहारिकाले पाठकहरूप्रति कृपा गरेकी छन् । *योगमाया* एउटा सामाजिक इतिहास पनि हो । समाजले दुत्कारेकी, आफ्नै बाबुले घृणा गरेकी एउटी छोरी वा नारीले जीवनमा के-कति सम्मको महानतम योगदान गर्न सक्छिन् समाजकै लागि, यसको विशद वर्णन *योगमाया*मा पाइन्छ । त्यसैले त यो ५०३ पृष्ठको मोटो छ । मोटो भएर के भयो ! यो पुस्तक पढ्न थालेपछि बन्द गर्न मनै मान्दैन । वास्तविक घटनामा आधारित कथावस्तु यसको मूल आकर्षण हो । अझ भनौँ, उपन्यासको मुखपात्र "म," अथवा गंगा, अर्थात् अग्नीधरका बाहुनी, वा तुलसाकी आमा, यति सत्पात्र लाग्छिन् कि उनको कुरो र

उपस्थिति सधैँ भइरहोस् जस्तो लाग्छ । यी सत्पात्रहरूले बोल्दाखेरिका शब्दहरूमा कहीँ-कहीँ "टाइपो" आइलाग्छन् । जस्तै, "बुहार्तन" शब्द उपन्यासको शुरूतिरै तीन ठाउँमा सरासर जस्तै "बुर्हातन" टाइप भएका छन् । केही स्थानीय र आञ्चलिक रूपमा प्रचलित उखानहरूमा पनि यस्तो समस्या भेटिन्छन् ।

योगमायाको माथिको वर्णन पाठकको लागि नयाँ भने नहुन सक्छ । यसअघि पनि योगमायाबारे वैकल्पिक समूहले प्रकाशन गरेको "श्री सर्वार्थ योगवाणी" (२०५९), पवन आलोकद्वारा सम्पादित "बहुमुखी व्यक्तित्वकी धनी योगमाया" (२०७०), नेपाल अध्ययन केन्द्रले प्रकाशन गरेको "सामाजिक आन्दोलनकी अग्रणी तथा कवि" (२०५७), र साझा प्रकाशनद्वारा प्रकाशित "समाज सुधारक योगमाया" (२०६९) आदिमा योगमायाको वर्णन र विश्लेषण पाइन्छ । यसरी नै मानवशास्त्री टिना श्रेष्ठले सन् २००८ मा र माइकल हटले पनि सन् २०१३ मा कार्यपत्र लेखेका छन् ।

त्यस्तै, त्रिभुवन विश्वविद्यालयको मानवशास्त्र विषयमा करिब दुई दशक अघिदेखि नै योगमायाबारे पढ्न पाइएको हो । मानवशास्त्री बार्बरा निम्री अजिज योगमायाबारे प्रथम अनेपाली अध्येता हुन् । योगमायाबारे उनको पुस्तक *एयर टु अ साइलेन्ट सङ : टु रिबेल विमेन अफ नेपाल* नेपाल तथा एशियाली अनुसन्धान केन्द्रले सन् २००१ मा प्रकाशित गरेको छ । उक्त पुस्तकको "योगमाया : पोएट, टिचर, इन्सर्जेन्ट" शीर्षकको पाठ त्रिविको मानवशास्त्र स्नातकोत्तर तहको पाठ्यक्रममा "ऐतिहासिक मानवशास्त्र" विषयका लागि अनिवार्य पाठ्यसामग्रीको रूपमा समावेश गरिएको छ । यसै गरी वार्षिक शैक्षिक प्रणाली अनुरूप सन् २००९ बाट लागू भएको त्रिवि स्नातकोत्तर तह समाजशास्त्र-मानवशास्त्र विषयको "जेन्डर एन्ड फेमिनिस्ट स्टडिज" विषयका लागि समेत बार्बरा अजिजको पुस्तकबाट पाठ्यसामग्री थियो ।

यतिका पाठ्यसामग्री हामीसँग हुँदाहुँदै पनि, र हाम्रै गाउँ-ठाउँको नारी विद्रोहको त्यत्रो बृहत् स्वरूपको इतिहास वहन गरिरहेको छँदाछँदै पनि, मानवशास्त्रकै लैंगिक र नारीवाद विषयका लागि आजसम्म पनि योगमाया सम्बन्धी पाठ्यसामग्री राखेको देखिँदैन । त्रिविमा पढाइने अन्य सामाजिक विज्ञानहरूले पनि शायदै योगमायालाई पाठ्यक्रममा राखेका होलान् । नजिकको द्यौता हेला भनेको यही हो । बरु यूरोप र उत्तर अमेरिकातिर नारीवाद वा "फेमिनिजम्" र नारी आन्दोलनको उदय भएको हो भनेर हाम्रा विद्यार्थीलाई घोटाइरहेका छौँ, रटाइरहेका छौँ ।

अन्तमा, योगमायाको कथा, व्यथा, जीवनी र उनले नेतृत्व गरेको संगठन, विद्रोह र आत्मदाह नेपाली नारी मुक्ति र लैंगिक समानताका लागि भए-गरेका आन्दोलनका साथै नेपालको राजनीतिक आन्दोलनकै एउटा हाँगोको रूपमा नेपालका विद्यालय वा

विश्वविद्यालयका कक्षाहरूमा समावेश गरिनुपर्छ । मैले बुझ्न सकेको छैन, नेपाली सामाजिक विज्ञानका विविध विषयहरूका लागि योगमाया के कारणले पहुँचभन्दा टाढै रह्यो । तर, अब भने सामाजिक-ऐतिहासिक विद्रोहात्मक वास्तविक घटनाक्रममा आधारित *योगमाया* सिंगो उपन्यास उपलब्ध छ । *योगमाया* नेपाली साहित्यप्रेमी र विद्यार्थीहरूका लागि मात्र नभई नेपाली सामाजिक शास्त्रहरूका पाठ्यसामग्रीमा समावेश हुनै पर्ने कृति हो, किनभने *योगमाया* सामाजिक इतिहास र नेपालमा संगठित नारी विद्रोहको महान् दस्तावेज हो ।

**डम्बरध्वज चेम्जोङ**
त्रिभुवन विश्वविद्यालय